बागमती प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः-
चलानी नम्बरः- २०८०/०८१

मितिः- २०८०/०८/१४

## विश्व एड्स दिवसको शुभकामना

विश्वमा सन् १९८१ मा पहिलो पटक देखा परेको एचआइभीको संक्रमण एक्काइसौं शताब्दीको पहिलो दशकमा महामारीको रुपमा फैलिएको थियो। जनचेतनाको कमी, सामाजिक विभेद, स्वास्थ्य सेवाको उपलब्धतामा कमी आदि कारणले गर्दा एड्को कारण धेरै मानिसहरुले ज्यान गुमाउनु पर्‍यो। विश्वमा सन् २०२२ को अन्त सम्ममा ८ करोड ५६ लाख व्यक्तिहरु एचआइभीबाट संक्रमित भइसकेका छन् भने ४ करोड ४ लाख मानिसहरुको एड्सको कारणले मृत्यु भइसकेको छ। नेपालमा सन् १९८८ मा पहिलो पटक देखा परेको एचआइभी संक्रमणको कारण सन् २०२२ को अन्तसम्म ७०५१२ जना संक्रमित भएका छन् भने सोही अवधिमा २९५१८ जनाको एड्को कारण मृत्यु भएको छ। हाल नेपालमा ३० हजार एचआइभी संक्रमितहरु रहेको अनुमान गरिएको छ भने २४२३७ जना एन्टीरेट्रोभाइरल उपचारमा आवद्ध भएका छन्। बागमती प्रदेशमा ७२४४ जना एचआइभी संक्रमित रहेको अनुमान गरिएकोमा ६२९० जनाले एन्टीरेट्रोभाइरल उपचार सेवा लिइरहेका छन्। हाल एचआइभीको संक्रमण दर न्यून रहेता पनि केन्द्रिकृत महामारीको रुपमा रहेको छ। खास गरी सूईद्धारा लागू पदार्थ प्रयोग गर्नेहरु, यौनकर्मीहरु, जेलमा रहेका कैदीहरु, पुरुष समलिंगीहरु तथा तेस्रो लिंगीहरु र रोजगारीको लागि विदेशिनेहरुमा एचआइभीको संक्रमणको दर उच्च रहेको छ।

सन् २०३० सम्म एड्सको महामारीलाई अन्त गर्ने नेपाल सरकारको रणनीति अनुसार बागमती प्रदेश सरकाले पनि ९५ प्रतिशत एचआइभी संक्रमितहरुले आफ्नो संक्रमणको अवस्था बारेमा थाहा पाउने, ती मध्ये ९५ प्रतिशतको औषधि उपचारमा पहुँच हुने र ती औषधि सेवन गर्ने मध्ये ९५ प्रतिशतको शरिरमा भाइरसको भार न्यून हुने रणनीति अवलम्वन गरेको छ। स्थानीय तहसँगको समन्वय र सहकार्यमा जनचेतना अभिवृद्धि गर्ने, एचआइभीको परामर्श र परीक्षण गर्ने, आमाबाट बच्चामा हुने संक्रमण रोकथामका लागि गर्भवती महिलामा एचआइभीको निःशुल्क जाँच गर्ने, संक्रमितहरुलाई उपचारको व्यवस्था मिलाउने, रोग प्रतिको सामाजिक विभेद र लाञ्छना अन्त्य गर्ने अभियान चलाउने आदि कार्यक्रमहरु सञ्चालन गरेको छ।

एड्सको कारण ज्यान गुमाएकाहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै नयाँ एचआइभी संक्रमण रोक्न तथा हाल सम्म सेवाबाट बन्चित रहेका जोखिम समूहलाई प्राथमिकतामा राखि समयमा नै गुणस्तरीय सेवा पुर्‍याउन बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालय प्रतिवद्ध रहेको कुरा व्यक्त गर्न चाहन्छु। एचआइभी तथा एड्सको क्षेत्रमा काम गरिरहेका विभिन्न व्यक्तिहरु, सरकारी, गैरसरकारी तथा निजी संघ संस्था, दातृ निकायहरु सबैलाई धन्यवाद दिन चाहन्छु।

अन्त्यमा,

"समुदायको नेतृत्वयमा एड्स अन्त्य गरौं" भन्ने मूल नाराका साथ मनाउन गइरहेको ३६औं विश्व एड्स दिवसको उपलक्ष्यमा एचआइभीको कार्यक्रमलाई थप प्रभावकारी बनाउन समुदायको अर्थपूर्ण सहभागिता र सहकार्यको सुनिश्चितता कायम गर्ने प्रतिवद्धता सहित शुभकामना व्यक्त गर्न चाहन्छु।

माननीय उत्तम जोशी
स्वास्थ्य मन्त्री

मा. उत्तम जोशी